# सभापोखरी गाउँ कार्यपालिका प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७५

**प्रमाणीकरण मिति : २०७५/०४/१८**

**स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७५/०४/२०**

## २०७५ सालको ऐन नं. १

### सभापोखरी गाउँकार्यपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्नको निमित्त बनेको ऐन

**सभापोखरी** गाउँ कार्यपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्नको निमित्त नेपालको संविधान वमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही संविधानको अनुसूची ८ र अनुसूची ९ बमोजिम तोकिएका बिषयमा आवश्यकताअनुसार नियमहरु बनाई लागू गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिमको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) र (२) को अधीनमा रहीसंविधानको धारा २२२ वमोजिमको वा संविधानको धारा २२३ वमोजिम **रही सभापोखरी गाउँपालिकाको तेश्रो** गाउँसभाले यो ऐन बनाई लागू गरेको छ,

**१.** **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम **सभापोखरी** गाउँकार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, **२०७५** रहेको छ ।

(२) यो ऐन **सभापोखरी** गाउँपालिका क्षेत्र भित्र तुरुन्त लागू हुनेछ ।

**२.** **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “ऐन”भन्नाले **सभापोखरी** गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले **सभापोखरी** गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) “गाउँपालिका” भन्नाले **सभापोखरी** गाउँपालिका सम्झनु पर्छ ।

(घ) “वडा”भन्नाले **सभापोखरी** गाउँपालिकाको वडा सम्झनु पर्छ ।

(ङ) “सभा” भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँ सभा सम्झनु पर्छ ।

(च) “संविधान”भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम बनाउने गाउँ कार्यपालिकाको अधिकार :** (१) संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम गाउँपालिकाले आफ्नो सवै काम सुचारु रुपले सम्पादन गर्न र विभिन्न बिषय क्षेत्रगत कार्य जिम्मेवारी निर्वाह गर्न बिषय क्षेत्रगत इकाईहरुले अपनाउनु पर्ने सबै प्रशासकीय विषयका कार्यविधि नियमित गर्नको निमित्त गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा गाउँपालिकाले संघीय तथा प्रदेश ऐन वमोजिमका बिषयमा समेत आवश्यकता अनुसार नियम बनाई लागू गर्न सक्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने**: (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही **सभापोखरी** गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र **मापदण्ड** वनाई लागू गर्न **सक्ने छ** ।